आज मिति २०८१ साल पुस २८ गतेका दिनको १:०० बजे झिमरुक गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को आठौं बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | झिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | झिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | युवराज बनाल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मिनबहादुर खत्री | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर बस्नेत | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता बि.क. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलसा के.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर बि.क | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर थापा | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) |
| | हरि प्रसाद पोखेल | अधिकृत छैठौं |
| | दामोदर उपाध्या | का.स. |

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १ स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान कार्यक्रम सम्वन्धमा ।**

**निर्णय नं १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा विद्यालय भौतिक निर्माण सम्वन्धी मापदण्ड, २०८० को दफा ६ मा व्यवस्था भए वमोजिम झिमरुक गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुको भौतिक एवं प्राविधिक पक्षहरुको अध्ययन, अनुगमन गर्न गठन भएको समितिको सिफारिस वमोजिम स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदानको लागि संघीय सशर्त अनुदानको रुपमा आ.व. २०८१/८२ को लागि प्राप्त रकमबाट कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भए वमोजिम भवन निर्माणको कार्य गर्न समितिले सिफारिस गरेका तपसिल वमोजिमका विद्यालयहरुमा ठेक्का मार्फत भवन निर्माणको कार्य अगाडि वढाउने भनी मिति २०८१ साल मंसिर १२ गते बसेको गाउँ कार्यकार्यपालिकाको चालु आ.व. २०८१/८२ को पाँचौ बैठकबाट निर्णय गरिएकोमा ठेक्का प्रक्रियामा जादा समय धेरै लाग्ने, आ.व. २०८१/८२ को जेठ मसान्तसम्म निर्माण कार्य सम्पन्न गर्न कठिनाई पर्ने भएको, आगामी शैक्षिक सत्रमा भवन अभावका कारण विद्यार्थीलाई पठन पाठनमा समस्या हुने सम्वन्धित विद्यालय व्यवस्थापन समिति र प्र.अ समेतको राय सुझाव अनुसार विद्यालयलाई नै जिम्मेवारी वनाई नियमानुसार उपभोक्ता समिति गठन गरी उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्नको लागि प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | विद्यालयहरुको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री बाल सुधार प्रा.वि. | झिमरुक गा.पा. -६ थारुखर्क |
| २ | श्री अमर प्रा.वि. | झिमरुक गा.पा. -१,वालुवा |
| ३ | श्री .बालज्योति आ.वि. | झिमरुक गा.पा. -३,कुटेडाडा |

**प्रस्ताव नं. २ आ.व.२०८१/८२ मा प्रदेश समपुरक योजनामा ठेक्का लगाई बचत भएको रकम सम्वन्धमा ।**

**निर्णय नं २**

प्रस्ताव नं.२ माथि छलफल गर्दा झिमरुक गाउँपालिकामा आ.व. २०८१/८२ को लागि लुम्विनी प्रदेश सरकारवाट समपुरक अनुदान पूँजींगतको रुपमा रकम विनियोजन भई गाउँपालिकाको लागत साझेदारीमा ठेक्का मार्फत सञ्चालन भएका आयोजनाहरुको प्रथम पटक ठेक्का लागि बचत हुन आएको रकमबाट पुनः सोही आयोजनामा कार्यान्वयन हुने गरी दोस्रो पटक ठेक्का लगाउन प्रक्रिया अगाडि बढाउने र सो को जानकारी प्रदेश सरकारलाई समेत गराउने सर्वसम्मत निर्णय गरियो ।

अन्तमा आजको वैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत